# लालीगुराँस नगरपालिका
# LALIGURANS MUNICIPALITY
## नगर कार्यपालिकाको कार्यालय
## OFFICE OF THE MUNICIPAL EXECUTIVE
बसन्तपुर, तेह्रथुम, कोशी प्रदेश, नेपाल (BASANTAPUR, TEHRATHUM, KOSHI PROVINCE, NEPAL)

प.सं.०८३/०८४
च.नं. ४२

मिति-२०८३/०४/१९

**विषयः- विपन्न नागरिक कडा रोगको लागि औषधी उपचार बापतको आर्थिक सहायताको लागि नविकरण गराउनु हुने सम्बन्धमा।**

श्री वडा कार्यालय सबै
श्री लाभग्राही आमनागरिकहरु
लालीगुराँस नगरपालिका।

प्रस्तुत विषयमा "मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी, मेरुदण्ड पक्षघातका विरामीहरुलाई औषधी उपचार वापत खर्च उपलब्ध गराउने सम्बन्धि कार्यविधि, २०७८ अनुसार यस लालीगुराँस नगरपालिकाबाट मासिक रुपमा रु.५०००।– का दरले आर्थिक सहायता लिई रहनुभएका लाभग्राहीहरुको आ.व.२०८३/०८४ मा सेवा निरन्तरताको लागि श्रावन मसान्त भित्र तपसिलको कागजात सहित यस कार्यालयमा नविकरणको लागि निवेदन पेश गर्नुहुन सरोकारवालाहरुलाई सबैमा जानकारीको लागि यो सुचना प्रकाशित गरिएको व्यहोरा जानकारीको लागि अनुरोध छ।

**तपसिल कागजातहरु**

१.सम्बन्धित विरामीको नागरिकता/जन्मदर्ता प्रतिलिपि (लालीगुराँस नगरपालिका भन्दा बाहिरको जिल्लाबाट नागरिकता जारी भएको भएमा बसाई सराई वा विवाह दर्ताको प्रतिलिपि)

२.वडा कार्यालयको सिफारिस (विपन्न नागरिक भएको र नेपाल सरकार वा नेपाल सरकारको स्वास्मित्वमा रहेका संघ संस्थाहरुबाट कुनै पनि आर्थिक सेवा सुविधा वा भत्ता नलिएको अनिवार्य खुल्नु पर्ने )

३.अस्पताल/चिकित्सकले प्रमाणीत गरेको रोगको प्रकार खुल्ने कागजात (कार्यविधिमा भएको अनुसुची १ प्रमाणीत फाराम सहित)

४.विरामी उपचार गराईरहेको अस्पतालको हालसालैको रोग खुल्ने विवरण सहितको विरामी पुर्जा

५.वडा कार्यालयबाट अनुसुची २ प्रमाणीत फाराम

६.निज वा सम्बन्धित व्यक्तिको बैंक खाताको प्रतिलिपि (चेक को प्रतिलिपि)

७.निवेदकको व्यक्तिगत पान नं को फोटोकपी अनिवार्य

नोटः- सबै वडा कार्यालयहरु यसै सुचनालाई आधार मानी आ-आफ्नो वडा अन्तर्गतका सेवा ग्राहीहरुलाई सुचना सम्प्रेशण गरिदिनुहुन ।

पुनश्चः- श्रावन हमिना भित्र नविकरण नगर्ने सेवा ग्राहीहरुको रकम श्रावन महिना देखि बैंक खाता मार्फत भुक्तानी नहुने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ।

स्वास्थ्य शाखा प्रमुख

..............................
रविन कार्की
प्रमुख प्रशासकीय अधिकृत

रविन कार्की
प्रमुख प्रशासकीय अधिकृत

laliguransnagarpalika@gmail.com www.laliguransmun.gov.np
: 026-402119, 026-402120, 026-402121

"संस्कृति र प्रकृति, हाम्रो सम्पत्ति"